रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ३ मितिः २०८०/०३/०२(अतिरिक्तांक)

भाग-१

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाँउपालिकाको
## जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि – २०८०

सम्बत २०८० को कार्यविधि नं. ३ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०३।०२

# जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि — २०८०

प्रस्तावनाः व्यवसायिक रूपमा कृषि उत्पादनमा संलग्न भई कृषि कार्य गर्न इच्छुक किसानलाई बाँझो जग्गा भाडामा लिई कृषि कार्यमा थप अग्रसर बनाउन, व्यवसायिक कृषकको लागत न्यूनीकरण, उत्पादकत्व र उत्पादन वृद्दि, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै आर्थिक वृद्धि र विकास गर्नका लागि जग्गा भाडामा लिएर खेति गर्ने किसानलाई अनुदान उपलब्ध गराउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (७) बमोजिम "रुरुक्षेत्र गाउँपालिकाको जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि - २०८०" बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस कार्यविधिको नाम "रुरुक्षेत्र गाउँपालिकाको जग्गा भाडामा लिएर खेती गर्ने किसानलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि - २०८०" रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखी लागू हुनेछ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "स्थानीय तह" भन्नाले गुल्मी जिल्ला, रुरुक्षेत्र गाउँपालिकाको कार्यालयलाई सम्झिनुपर्छ ।

ख. "मातहतका कार्यालय" मातहतका कार्यालय भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त कृषि बिकास शाखा र वडा कार्यालयलाई सम्झिनु पर्छ ।

ग. "भूमिहीन कृषक" भन्नाले कृषि कार्यमा संलग्न हुन इच्छा, रुची भएका तर आफ्नो वा आफ्नो सगोलमा बस्ने परिवारको नाममा जग्गा नभएका कृषकहरुलाई सम्झिनु पर्छ ।

घ. "खेति" भन्नाले बजारीकरण उद्येश्य राखी गरिएको कुनै पनि किसिमको कृषि (अन्न, तेलहन, दलहन, फलफुल, तरकारी आदि) ।

साथै व्यवसायिक रुपमा पशुपालनको उद्देश्य राखी जग्गा भाडामा लिएर उन्नत जातको घाँस (डाले घाँस, भुई घाँस) लगाउने कृषकलाई समेत खेति गरेको मानिनेछ ।

ङ. “वडा कार्यालय” भन्नाले रुरुक्षेत्र गाउँपालिका भित्रका वडा कार्यालयलाई सम्झिनु पर्दछ ।

च. “कृषक” भन्नाले रुरुक्षेत्र गाउँपालिका भित्र स्थाई बसोबास गर्ने, करिब १ वर्ष देखि स्थानीय तहमा निजि फर्म, समुह, सहकारी दर्ता गरी सो मार्फत व्यवसायिक रुपमा खेति गर्दै आएका रुरुक्षेत्रबासीलाई सम्झिनु पर्दछ ।

छ. "आवेदक" जग्गा भाडामा लिएर खेति गर्ने कार्यक्रमको लागि अनुदान लिनका लागि गाउँपालिकामा आबेदन दिएका कृषक, निजि फर्म समुह र कृषि सहकारी सस्थालाई सम्झनुपर्छ ।

ज. "अनुदानग्राही" भन्नाले जग्गा भाडामा लिएर खेति गर्ने कार्यक्रमका लागि अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई सम्झनुपर्छ ।

४. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन ।

१. लामो समय देखि बाझो रहदै आएका खेति योग्य जमिनमा पुनः ब्यबसायिक रुपमा खेति गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको बिस्तार, उत्पादन र उत्पादकत्व बृदी गर्ने ,

२. बर्तमान अबस्थामा बढ्दै गएको बस्ति स्थान्तरणलाइ दुरुत्साहन गरि खेति योग्य जमिनको भरपूर उपयोग गर्न,

३. बैदेशिक रोजगार बाट फर्केका, प्राकृतिक प्रकोप पिडित, ब्याबसायिक कृषि गर्न चाहाने उत्साहित युवाहरुलाई कृषि ब्यबसायमा आकर्षित गर्न ।

४. खेति योग्य जग्गा नभएको र ब्याबसायिक खेति गर्न प्रोत्साहन गर्न

## परिच्छेद – २

## कार्यक्रम संचालन विधि

५. कार्यक्रम संचालन : यो कार्यक्रम रुरुक्षेत्र गाउँपालिका भित्र लागू हुनेछ ।

६. जग्गा भाडामा लिएका कृषकहरुलाई अनुदान दिने केहि मापदण्डहरुः-

(१) आवेदक रुरुक्षेत्र गाउँपालिका भित्र बसोबास गर्ने स्थायी बासिन्दा भएको हुनुपर्नेछ ।

(२)जग्गा भाडामा लिइ खेती गर्ने किसानले व्यावसायिक रूपमा खेती गरेको हुनुपर्नेछ ।

(३)भाडामा लिएको जग्गा को ८०% भन्दा बढीको क्षेत्रफलमा खेती गरेको हुनुपर्नेछ।

(४)खेती गर्न इच्छुक कृषक, कृषक समूह वा सहकारीले १ वर्षे वा सो भन्दा कम अवधिको बाली लगाउने भए कम्तीमा ५ वर्षको र वहुवर्षिय खेतीका लागि कम्तीमा १० वर्षको सम्झौता भएको हुनुपर्ने ।

(५)जग्गा भाडामा लिए पछि खेति गर्ने कुल जमिन १५ रोपनी भन्दा माथि हुनुपर्नेछ ।

## परिच्छेद-३

## सस्थागत ब्यबस्था

७. कार्यक्रम संचालनको लागि प्राप्त निबेदनहरुको अनुगमन तथा मुल्यांकन गर्न गाउँपालिकामा देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्षः- | संयोजक |
| आर्थिक बिकास समिति संयोजकः- | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृतः- | सदस्य |
| पशु सेवा शाखा प्रमुखः- | सदस्य |
| कृषि सेवा शाखा प्रमुखः- | सदस्य सचिव |

८. मुल्यांकन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) मुल्यांकन समितिले दफा ६ मा तोकिएको मुल्यांकन मापदण्डको आधारमा मुल्याकन गर्नेछ।

(२)आबश्यकता अनुसार प्रस्तावित कार्यक्रम स्थलको स्थलगत निरीक्षण गर्नेछ ।

(३)प्रस्ताब अध्ययन र स्थलगत निरीक्षण प्रश्चात मुल्याकन गरी मुल्यांकन समितिले सिफारिस सहित लाभग्राही कायम गरी अनुदानको लागि सिफारिस गर्नेछ ।

९. कार्यक्रम कार्यान्वयनः

(१) अनुदानग्राहिले जग्गा धनिसँग जग्गा भाडा सम्झौता गरी खेति गरिरहेको हुनुपर्नेछ ।

(२) स्थलगत निरीक्षण गर्दा दिइएका सुझाबहरु बमोजिम कार्य सन्तोषजनक गरेको नपाइएमा गाउँपालिकाको अनुगमन तथा मुल्यांकन समिति वा कृषि शाखाले १५ दिन सम्मको समयवधि प्रदान गरी कार्यक्रम संचालनमा गुणस्तर कायम गर्न सचेत गराउन ।

(३)अनुदानग्राहिले अनुदान  पाएको वर्ष भाडामा लिएको जग्गामा पूर्ण रुपमा खेति गरेको हुनुपर्नेछ । अनुगमन समितिले अनुगमन गर्दा अनुदान ग्रहिले अनुदान प्राप्त गर्न पेश गरेको कागजातमा उल्लेख गरे बमोजिम खेति गरेको नपाइएमा अनुदानमा उपलब्ध गराइएको रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गराइनेछ ।

## परिच्छेद ४

## साझेदारी र अनुदान प्रवाह

१०.अनुदान रकम र भुक्तानी प्रक्रियाः-

(१) तोकिएको क्षेत्रफलमा गरिएको खेतीको आधारमा र जग्गा भाडामा लिएर खेती गरेको सम्झौता पत्र र अनुगमनको आधारमा तरकारी खेति गरिरहेको कृषकलाई प्रतिएक रोपनीको बढीमा अनुदान रकम रु. १०००/- (अक्षरुपि रु एक हजार मात्र )तथा अन्य नगदे तथा फलफुल तथा अन्य कृषि कार्य गरिरहेको कृषकलाई प्रति रोपनी ५००र पशुपालनको लागि जग्गा भाडामा लिएर घाँस लगाउने कृषकलाई प्रति रोपनीको बढीमा रु. ५००/- (अक्षरुपि रु पाँच सय मात्र) का दरले अनुदान उपलब्ध गराइनेछ ।

(२) सम्झौता जतिको भएपनि खेति गरेको जग्गाको मात्र अनुदान दिइने छ । तर अनुदानग्राहीले यस कार्यविधिको दफा ४ को उपदफा (६) बमोजिमको अवधिको लागि सम्झौता गरेको भएतापनि अनुदान रकम भने वार्षिक रुपमा उपलब्ध गराइनेछ ।

(३) अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट पेश गर्नुपर्ने कागजातहरुः-

-अनुदानग्रहिको निवेदन

- वडा कार्यालयको सिफारिस पत्र,
- व्यवसायिक फर्म/संस्था दर्ता र नविकरणको प्रतिलिपि,
- स्थाई लेखा नं. र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- अनुदानग्राहिले जग्गा धनिसँग गरेको सम्झौता पत्र,
- जग्गा भाडामा लिएर खेति गरेको जग्गाको लालपुर्जा,
- तिरो तिरेको रसिद (कुल १५ रोपनी भन्दा बढी खेतियोग्य जमिनको),
- समुह सहकारीको हकमा संचालक समितिको बैठकको निर्यणका आधारमा तय गरिनेछ ।

(४) अनुदान रकमको भुक्तानी अनुदानग्राहीलाई एकमुस्ट रूपमा वार्षिक रुपमा गाउँपालिका मार्फत गरिनेछ ।

## परिच्छेद — ४

## विविध

११. अनुगमन तथा मुल्यांकनः

(१) कृषि बिकास शाखाले रुरुक्षेत्र गाउँपालिका तथा वडा कार्यालयको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार संचालित कार्यक्रमहरूको निरन्तर अनुगमन तथा मूल्यांकन गर्नेछ ।

(२) रुरुक्षेत्र गाउँपालिकाले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. बाधा अड्काउ फुकाउ : यस कार्यविधि संचालन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरूपण गाउँपालिकाले गर्नेछ ।

१३. संशोधन : यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार हेरफेर वा संशोधन गर्न सक्नेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७८०। ०३ ।०२

आज्ञाले
मधुकृष्ण पौडयाल
प्रमुख प्रशासकीय अधिकृत